दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १३१ | बुटवल | २०८२ बैशाख २५, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday May. 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सामाजिक सुरक्षा कोषले संचालन गर्ने योजना अन्तर्गत
-औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
-मातृत्व सुरक्षा योजना,
-दुर्घटना सुरक्षा योजना
-आश्रित परिवार सुरक्षा योजना
-वृद्धावस्था सुरक्षा योजना
- बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं ।
सामाजिक सुरक्षा कोषमा आबद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।

नेपाल सरकार विज्ञापन बोर्ड

गौतमबुद्ध विमानस्थलको सकस:

# अन्तर्राष्ट्रिय उडान माग्दै व्यवसायीहरू बारम्बार आन्दोलनमा

**तत्काल माग सम्बोधन नभए विमानस्थलबाट आन्तरिक उडान बन्द गराउनेदेखि अर्थमन्त्री, नागरिक उड्डयन मन्त्री, श्रममन्त्रीलाई वहिष्कार र उनीहरूका मन्त्रालय घेराउ गर्न काठमाडौं पुग्ने व्यवसायीहरूको चेतावनी छ ।**



तस्विरः मोहम्मद हबिब

**टिआर शर्मा**
*बुटवल*

गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान पर्याप्त र नियमित हुन नसकेपछि रुपन्देहीका व्यवसायीहरुले डेढ वर्ष यता पटक-पटक आन्दोलनमा समय खर्चिनुपर्ने नियति भोग्दै आएका छन् ।

नेपाल सरकारको ३७.४ प्रतिशत र एसियाली विकास बैंकको ६२.६ प्रतिशत लगानीमा २०७१ माघ १ मा निर्माण सुरु भएको गौतमबुद्ध विमानस्थल २०७९ जेठ २ गते उद्घाटन भएको हो । त्यसको झण्डै एक वर्षसम्म अन्तर्राष्ट्रिय उडान हुन सकेन ।

व्यवसायिक संघसंस्थाहरुले अन्तर्राष्ट्रिय उडान माग्दै प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, विभागीय मन्त्री, प्रमुख दलका शिर्ष नेतालाई ज्ञापनपत्र बुझाउनेदेखि सडक आन्दोलन समेत गरे । तर माग सम्बोधन भएन ।

गत कार्तिक २३ देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतका लागि आंशिक बन्द हुँदा जजीरा एयरवेज, फ्लाइ दुबई, थाई एयर एसिया र नेपाल एयरलाइन्सले एक महिना जति उडान गरे ।

तर भिजिबिलिटीको समस्या देखाउँदै उडानलाई निरन्तरता दिएनन् । नागरिक उड्डयन प्राधिकरणले आइएलएसको विकल्पमा आरएनपीएआर प्रविधि लागू गरेपछि करिब एक महिना अन्तर्राष्ट्रिय उडान सुचारु भए ।

तर काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भएर १८ घण्टा सञ्चालनमा आउन थालेपछि चैत १६ देखि भैरहवाबाट अन्तर्राष्ट्रिय उडान बन्द भए । चेम्बर अफ कमर्स रुपन्देही, सिद्धार्थ उद्योग वाणिज्य संघ, ट्राभल व्यवसायी, होटेल व्यवसायी संयुक्त रुपमा आन्दोलित भए । उनीहरुले चरणबद्ध आन्दोलन घोषणा पनि गरे । सिद्धार्थनगर नगरपालिकाले समेत विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चितता गर्न आफैं नेतृत्व गर्ने घोषणा गऱ्यो, तर सरकारबाट कुनै सुनुवाइ भएन ।

विमानस्थल चलेपछि व्यवसायमा सुधार होला भन्ने आशामा बसेका व्यवसायीहरु पटक-पटकको आन्दोलनबाट पनि अन्तर्राष्ट्रिय उडान नभएपछि आजित भएका छन् ।

चेम्बर अफ कमर्स (उद्योग व्यापार संगठन) रुपन्देहीको नेतृत्वमा व्यवसायीहरुले बुधबार विमानस्थल प्रवेशद्वारमा एकघण्टा धर्ना र विरोध प्रदर्शन गरेका छन् । धर्ना र विरोध प्रदर्शनमा भैरहवाका दर्जनौं संघसंस्थाको सहभागिता थियो ।

व्यवसायीहरुले विमानस्थलबाट तत्काल अन्तर्राष्ट्रिय उडान सुरु गर्नुपर्ने, अत्यावश्यक सरकारी कार्यालयहरु सञ्चालनमा ल्याउनुपर्नेलगायतका नारा लेखिएका प्ले कार्ड प्रदर्शन गरेका थिए ।

व्यवसायीहरुले विमानस्थल पूर्णक्षमतामा नचल्दा मर्कामा परेका व्यवसायीलाई सरकारले क्षतिपूर्ति दिनुपर्ने माग गर्दै सरकारविरुद्ध नाराबाजी समेत गरेका छन् ।

'आफ्नो व्यवसायमा समय र ध्यान दिनुपर्ने व्यवसायीहरु ढेड वर्ष यता विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुनुपऱ्यो भन्ने माग गर्दै पटक-पटक आन्दोलनमा समय खर्चिनुपरेको छ,' चेम्बर अफ कमर्स रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले भने-'आजको धर्ना सांकेतिक झिल्को हो, सरकारले तत्काल अन्तर्राष्ट्रिय उडानको ग्यारेन्टी गरेन भने निर्णायक आन्दोलन हुन्छ ।'

माग सम्बोधन नभए विमानस्थलबाट आन्तरिक उडान बन्द गराउनेदेखि अर्थमन्त्री, नागरिक उड्डयन मन्त्री, श्रम मन्त्रीहरुलाई वहिष्कार र उनीहरुका मन्त्रालय घेराउ गर्न काठमाडौं पुग्ने श्रेष्ठले चेतावनी दिए ।

उनीहरुले विमानस्थल सञ्चालनका लागि आवश्यक म्यानपावर, भीसा र मेडिकल सेन्टर तत्काल खोल्न माग गरेका थिए ।

» बाँकी ३ पेजमा

## बालमन्दिर जग्गा हिनामिनामा १७ जनाविरुद्ध मुद्दा

बुटवल । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बाल मन्दिर जग्गा हिनामिना प्रकरणमा उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी रीता सिंहसहित १७ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बुधबार जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो ।

यसअघि जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने रायसहित फायल महान्यायाधिवक्ताको कार्यालयमा पठाएको भए पनि महान्यायाधिवक्ताले मुद्दा चलाउने निर्णय गरेका थिए ।

महान्यायाधिवक्ताको निर्णयपछि अभियोग पत्र दायर गरेको हो ।

गणेशमान सिंहकी छोरी रीता (७१ वर्ष) नेपाल बाल संगठनको तत्कालीन अध्यक्ष थिइन् । यस्तै तत्कालीन उपाध्यक्ष तुलसीनारायण श्रेष्ठ, तत्कालीन महासचिव गणेश भक्त श्रेष्ठ, तत्कालीन सदस्य एवं स्रोत तथा परिचालन उपसमितिका संयोजक कृष्ण शंकर साह, बाल संगठनका तत्कालीन अख्तियार प्राप्त महासचिवद्वय श्यामकुमार आले र सुवास कुमार पोखरेललाई पनि प्रतिवादी बनाइएको छ । पोखरेल कांग्रेस नेता हुन् ।

यस्तै बाल संगठनकै तत्कालीन महासचिव रामकाजी गुरुङ, तत्कालीन उपाध्यक्ष योगेन्द्रबहादुर शाही, उपकोषाध्यक्ष दिपकदास श्रेष्ठ, बृहस्पति विद्यालय व्यवस्थापन प्रालिका सञ्चालक प्रवीणराज जोशी, सोही विद्यालयका तत्कालीन सञ्चालक मुरारी निधि तिवारी, विद्यालय व्यवस्थापन प्रालिका अध्यक्ष पुरुषोत्तम राज जोशी, सञ्चालक श्रद्धा संघाई, सञ्चालक अभिनव सिंघानिया, सिद्धार्थ केडिया र कीर्तिप्रसाद पाण्डेयविरुद्ध मुद्दा दर्ता भएको हो । उनीहरुले ठगी गरी नेपाल बाल संगठनलाई ६० करोड ३९ लाख ७७ हजार २३१ रुपैयाँ ५ पैसा नोक्सानी पुऱ्याएको भन्दै सोही बराबर बिगो कायम गरिएको छ । अपराध संहिता २०७४ को दफा २४९ अनुसार कसुर पुष्टि भएमा ७ वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

## नेपालका सीमा क्षेत्रमा उच्च सतर्कता



बुटवल । भारतीय सीमा क्षेत्रमा उच्च सतर्कता अपनाउन सशस्त्र प्रहरी बल, प्रधान कार्यालयले विशेष सर्कुलर जारी गरेको छ ।

पछिल्लो समय विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई ध्यानमा राख्दै सीमा क्षेत्रमा पर्ने सबै बाहिनीपतिहरुलाई विशेष निर्देशन दिइएको सशस्त्र प्रहरीका सह-प्रवक्ता एवं डीएसपी शैलेन्द्र थापाले बताए ।

'अनधिकृत घुसपैठ नियन्त्रण र निगरानीका लागि सीमा क्षेत्रमा पर्ने सबै बाहिनीपतिहरुलाई प्रधान कार्यालयबाट विशेष निर्देशन दिइएको उनले बताए । भारतीय सशस्त्र सीमा बल (एसएसबी)सँगको सहकार्य र समन्वयमा दुई देशको सीमानामा संयुक्त रुपमा गस्ती पेट्रोल र खबर आदनप्रदानलाई तिव्रता दिइएको उनले बताए ।

त्यस्तै, बीओपीबाट अर्को बीओपीसम्म २४ घण्टा सीमा इलाकामा रहनेगरी पट्रोलिङ गरिएको डीएसपी थापाले बताए ।

» बाँकी ३ पेजमा

## धितोपत्र बोर्डमा अख्तियारको छापा




बुटवल । नेपाल धितोपत्र बोर्डमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेर आइपीओ निष्कासनसम्बन्धी फाइलहरू नियन्त्रणमा लिएको छ ।

आइपीओ निष्कासन स्वीकृति दिनुअघि कमिसन मागेको आरोप निजी ऊर्जा उत्पादकहरूले लगाएपछि अख्तियारले बोर्डमा छापा मारेको हो । अख्तियार स्रोतका अनुसार बुधबार छापा मारेर आइपीओ निष्कासन पाइपलाइनमा रहेका ८९ कम्पनीका कागजपत्र नियन्त्रणमा लिइएको छ ।

निजी ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का पदाधिकारीका अनुसार हरेक कम्पनीको आइपीओ निष्कासनमा सर्वसाधारणलाई सेयर जारी हुने रकमको ५ प्रतिशतका दरले कमिसन माग गर्ने गरिएको छ ।

४३ जलविद्युत् कम्पनीको आइपीओ स्वीकृति क्रममा रहेकामा त्यसमध्ये ४२ कम्पनीसँग बोर्ड अध्यक्ष सन्तोषनारायण श्रेष्ठले पठाएका भनिएका व्यक्तिहरूले रकम माग गरेको विद्युत् कम्पनीहरूले पुष्टि गरेका छन् । धेरैजसो प्रवर्द्धकहरूसँग भेटेरै र कतिपयसँग फोन, एसएमएस र इमेलमार्फत् पनि रकम माग गरेको जलविद्युत् प्रवर्द्धकहरू बताउँछन् । 'पाइपलाइनमा रहेका कम्पनीहरूसँग चाँडै आइपीओ स्वीकृत गराउने हो भने ५ प्रतिशतले रकम दिनुस्, चाँडै काम हुन्छ । ढिला गरेर किन धेरै ब्याज तिर्नुहुन्छ भन्दै रकम माग्ने गरिएको छ ।'- ऊर्जा उत्पादकहरूले भन्ने गरेका छन् ।

आईपीओ स्वीकृतिका लागि कमिसन मागिएको विषय मिडिया मार्फत सार्वजनिक भएपछि त्यसबारे संसद्मा पनि कुरा उठेको छ । त्यसपछि अख्तियारले बोर्डमा छापा मारेको अख्तियार स्रोतले बतायो ।

## तिलोत्तमाले दलित ज्ञान उत्सव गर्दै




तिलोत्तमा । "समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहर, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर" भन्ने नारालाई आत्मसात् गरेको तिलोत्तमा नगरपालिकाले न्याय, समानता र अधिकारका लागि तिलोत्तमा दलित ज्ञान उत्सव-२०८२ आयोजना गरेको छ। एक ऐतिहासिक र सशक्त कार्यक्रमको आयोजना गरेको तिलोत्तमाले उत्सवलाई व्यापक बनाउने उद्देश्यले बुधबार तिलोत्तमा नगरपालिकामा पत्रकार सम्मेलन आयोजना गरिएको जानकारी गराएको छ । सम्मेलनमा आयोजकहरूले कार्यक्रमको उद्देश्य, महत्व र आगामी गतिविधिहरूको जानकारी दिएका छन् ।

कार्यक्रममा तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँणले सम्मेलनले दलित समुदायको शिक्षा, समान अवसर र समावेशी अधिकारका सवालमा विशेष ध्यान दिइने जनाए ।

यसैगरी उप-प्रमुख जागेश्वरी चौधरीले समतामूलक समाज निर्माणको लागि सचेतना अभिवृद्धिमा यो कार्यक्रमले टेवा पुऱ्याउने बताइन् । प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले यो ज्ञान उत्सवले तिलोत्तमालाई मानवीय शहरको रुपमा विकास गराउन भूमिका खेल्ने बताए ।

'न्याय, समानता र अधिकारका लागि' भन्ने मूल नाराका साथ बैशाख २६ र २७ गते दुई दिने उत्सव तिलोत्तमा-१, नयाँमिलस्थित होटल स्वानमा आयोजना हुने जानकारी दिइएको छ ।

उत्सवमा ज्ञान आदान-प्रदान, समुदायको सहभागिता, सामाजिक नेतृत्व विकास, शिक्षा-अधिकारसम्बन्धी बहस, तथा विविध साँस्कृतिक कार्यक्रमहरू समेत गरिने कार्यपालिका सदस्य सुरेन्द्र श्रीले जानकारी दिए । यसले समुदायलाई सशक्त बनाउन र आगामी पुस्तालाई प्रेरित गर्न ठूलो योगदान पुऱ्याउने आयोजकको विश्वास छ ।

आइएसओ सर्टिफाइड नगरपालिकाका रूपमा चिनिएको तिलोत्तमाले यस्तो ज्ञान-केन्द्रित सामाजिक कार्यक्रम गरी समावेशी र सशक्त समाज निर्माणतर्फ नयाँ दृष्टान्त राखेको छ ।



# सम्पादकीय

## भारत–पाकिस्तान द्वन्द्वको तनाव नेपालमा

मंगलबार रातिदेखि भारत र पाकिस्तानबिच तनाव चर्किएपछि त्यसको त्रास भारतको छिमेकी देश नेपालमा पनि बढेको छ। भारतले पाकिस्तान नियन्त्रित क्षेत्र कश्मीरमा ९ वटा आतंकवादी क्षेत्रलाई निशाना बनाउँदै गरिएको आक्रमणमा २६ जनाको मृत्यु भएको र दर्जनौ घाइते भएको समाचार सार्वजनिक भएपछि नेपालमा पनि त्रास बढेको हो। गत २२ अप्रिलमा कश्मीरको पहलगाम आक्रमणपछि दुई देशबिच द्वन्द्व झन् चर्किएको हो। उक्त आक्रमणमा एक नेपाली नागरिकसहित २६ जनाको मृत्यु भएको थियो। सीमापारिबाट भएको आक्रमणमा १० भारतीय नागरिकको मृत्यु भएको र ३२ जना घाइते भएको भारतले जनाएको छ।

यसरी दुई देशबिचको तनावको मौका छोपेर नेपाल-भारत सीमा क्षेत्रबाट अवैध घुसपैठ हुनसक्ने र त्यसको निहुँमा नेपाली सीमा क्षेत्रमा आक्रमण हुन सक्ने डर गृह प्रशासनलाई छ। त्यही भएर घुसपैठ रोक्नका लागि एपीएफ हाई अलर्टमा बसेको छ। भारतीय सशस्त्र सीमा बल (एसएसबी)सँगको सहकार्य र समन्वयमा सीमानामा संयुक्त रूमा गस्ती पट्रोल र खबर आदान-प्रदानलाई तीव्रता दिइएको छ। तर यसले पाकिस्तानी पक्ष नेपालसँग चिढिन सक्ने र अप्रिय घटना हुन पनि सक्ने त्रास सीमा क्षेत्रका नेपालीलाई हुनु स्वभाविक हो। अनधिकृत घुसपैठ नियन्त्रण र निगरानीका लागि सीमा क्षेत्रमा पर्ने सबै बाहिनीपतिहलाई प्रधान कार्यालयबाट विशेष निर्देशन दिइएको छ। सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध घुसपैठलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणसँग समेत समन्वय गरी सूचना आदान-प्रदान गरी सीमामा आवतजावत गर्ने गरी वारपार गर्नेलाई निगरानी गर्नु जरुरी छ। नेपालले पाकिस्तान र भारत दुबै नचिढिने गरी पञ्चशीलमा आधारित परराष्ट्र नीतिअनुसार निर्णय र काम गनुपर्छ। दुबै देशसँग समदूरीमा रहेर अघि बढ्नुपर्छ। भारत पाकिस्तानबिच बढेको तनावले नेपालमा पार्नसक्ने असरको विश्लेषण गर्दै सुरक्षा रणनीति बनाएर कार्यान्वयन गर्न ढिला गर्नु हुँदैन। सोहीअनुसार तीनै तहका सुरक्षा निकायलाई सीमामा निगरानी बढाउन आवश्यक छ।

खासगरी अन्तर्राष्ट्रिय विमानस्थल, नेपाल-भारत सीमा क्षेत्र, भारत र पाकिस्तानमा रहेका नेपालीको सुरक्षालगायतका सरकारको गम्भीर ध्यान जान आवश्यक छ।

भूराजनीतिक संवेदनशीलता र खुला सिमानाका कारण भारत र पाकिस्तानबिच युद्धको असर नेपालमा पर्ने भएकाले युद्धलाई रोक्ने गरी नेपालले कूटनीतिक भूमिका खेल्नुपर्छ। यदि युद्ध लम्बियो भने यसले नेपाललाई पार्ने अल्पकालीन र दीर्घकालीन प्रभावहरूका बारेमा नेपाल सरकारले समयमै सचेत भएर अघि बढ्न जरुरी छ। छिमेकी देशमा द्वन्द्व चर्किएको बेला राष्ट्रिय राजनीतिक दलहरुबिच एकता जरुरी छ।

# गोरु जोत्ने कला



तुल्सीराम पाण्डे

नजान्ने मानिसहरू चढेमा झुक्किएर खोकमुनि र लेडकामुनि पर्दछन्। सौखिन मानिसहरूले गोरुलाई राम्रो सुसार गरेर पाल्छन्। रोपाइँ गर्ने बेलामा १ माना र रोपाइँ सकिएपछि १ माना तेल खुवाउँछन्। कसैले तोरी कुटेर फुलोको डल्ला बनाएर खुवाउँछन्। कसैले अण्डा र बारुलो खुवाउँछन्। रक्सी पार्नेहरूले पास खुवाउँछन्।

छोरो कसको बेस ? दाँत कसको बेस ? भन्दै एक दिन अकबर राजाले आफ्नो सभामा भारदारहरूलाई प्रश्न राखेछन्। सबै भारदारहरूले आफ्ना तर्कसहित विभिन्न उत्तर दिएछन्। धेरै जसोले राजालाई खुसी बनाउन छोरो राजाको बेस र दाँत हात्तीको बेस भनेछन्। अन्तिममा वीरबलले आफ्ना तर्कसहित छोरो गाईको बेस र दाँत हलोको बेस भनेछन्। त्यसमा सबै भारदारको र राजाको पनि चित्त बुझेछ र सभा सकिएछ। वीरबलको तर्कअनुसार नै गोरु र हलोले जोतेर गृहस्थ जीवन चलेको छ। गोरुलाई रत्याएर जोत्नु पनि एउटा कला हो। जोत्ने मानिसको भाषा गोरुले र गोरुको भाषा जोत्ने मानिसले बुझ्नुपर्दछ। आफ्नो ठाउँको अवस्थाअनुसार तराईमा राँगाले, कतै घोडाले, कतै गधाले, कतै उँटले, कतै हात्तीले पनि जोत्ने गर्दछन्। हाम्रो क्षेत्रमा गोरुले नै धेरै जग्गा कायम गरेका छन्।

जोत्ने मानिसले दाहिने र देब्रे गोरु चिनेर नार्नु पर्दछ। उल्टो नारेमा गोरु अलमल पर्दछन् र सरासर मेलो लिन सक्दैनन्। कुनै गोरुलाई कहिले दाहिने र कहिले देब्रे बनाएमा लफङ्गो बन्दछ। कहिल्यै राम्ररी मेलो लिन सक्दैन लफङ्गो गोरु छिटो बुढो हुन्छ। जोत्नको लागि हलो, जुवा, नारा, जोतारा, सोइला, फाली, कर्वा, हरिस, अनौ, पाटी, मोहला र फुटकिलाहरू मिलेको हुनु पर्दछ। सम्ममा जोत्न छोटो जुवा र भिरालोमा जोत्न लामो जुवा चाहिन्छ। जुवा र सोइला बनाउन चाम्रो र शीतल काठ चाहिन्छ। फुट्ने काठको बनाएमा गोरुलाई पोल्ने र दुख्ने हुन्छ। साल, कोइराल, मौवा र लाँकुरी जुवा बनाउन राम्रा काठ मानिन्छन्। तराईमा सतिसालको जुवा बनाउँछन्। कहिलेकाहीँ खाँचो टार्नको लागि बाँसको पनि हरिस र जुवा बनाउँछन्। आफ्नो ठाउँमा पाइने र उपयुक्त लाग्ने अरू काठको पनि सामान बनाउँछन्। बाच्छो २ वर्ष पुगेपछि दाउन तयार हुन्छ। पाको गोरुसँग एकै छिन नार्ने र फुकाउने गर्दछन्। बाच्छाको काँधमा जुवा राख्दा पनि असल दिन पार्दछन्। तीन वर्ष या साढे तीन वर्ष नपुग्दासम्म बाच्छाले दिन भरी जोत्न सक्दैन। केही मानिसले सानैमा दाउँदा गोरु टाक्सिन्छ भनेर तीन वर्ष पुगेपछि मात्र दाउँछन्। हुर्केको गोरु दाउन मुस्किल हुन्छ। फुर्सदको समयमा पाको गोरुसँग नारेर एक जनाले अगाडिबाट कान समातेर तान्ने र दाम्लोले डोऱ्याउने गर्दछन्। कुनै बाच्छाले काँधमा जुवा राख्नै दिँदैनन्। लात्तले हान्ने, दौडने र भाग्ने गर्दछन्। त्यस्ता बहरलाई घाँस र कुँडो खान दिएर मालिकले नै मुसारेर नार्ने गर्दछन्। सरासर मेलामा हिँड्ने विश्वास भएपछि मात्र बहर गोरुको हल बनाउँछन्। सिरिङ्ग्याहा गोरु कसैले पनि मन पराउँदैनन्।

बहरहरूमा यौन भावना हुने हुनाले जोतेको समयमा गाई देखेमा मेलो छोडेर भाग्ने र फेरि दाउनु पर्ने सम्भावना हुन्छ। कसैले अलिअलि जोत्न सुरु गरेपछि र कसैले सरासर मेलो लिने भएपछि ओख्ता गरेर यौन भावना नष्ट गर्दछन्। त्यसपछि मात्र गोरु पाको हुन्छ। राम्ररी दाइएका गोरुले मेलामा लगेपछि ठिक ठाउँमा उभिएर काँध थाप्दछन्। नाम भनेर बोलाउँदा कराउने र नजिकै जाने गर्दछन्। तालिम अनुसार उँधो उँभो छेउले कुन्ले हअरिआ, घुम, पछिआ भनेको मान्दछन्। हलीले पनि खेतबारीको आकारअनुसार गोरु फर्काउन र हलो उठाउन जान्नु पर्दछ। सिपालु हलीले गोरुलाई माया गरेर जोत्छन्। छेउकुना राम्ररी टिप्छन्। धेरै हल गोरु लहरै जोत्दा हेर्नेलाई र जोत्नेलाई पनि रमाइलो हुन्छ। केही हलीले गोरुलाई धेरै पिट्छन्। छाला काढ्नेहरूले गोरु मरेपछि छाला काढ्दा पिटाइ खाएको र नखाएको चिन्दछन्। कुनै ठाउँमा दया नभएका मानिसले छाला चाहिएमा बुढा गाईगोरु भिरबाट घचेटिदिने र लड्यो भनेर छाला काढ्ने गर्दछन्। गोरुको सिङ्बाट मेलोमा पानी चुहुनुलाई कुनै ठाउँमा लच्छिन र कुनै ठाउँमा अलच्छिन मान्दछन्।

पुरानो समयमा गोरुलाई सम्पन्नताको प्रतीक मानिन्थ्यो। छोरी दिनुपर्दा गोरु छन् कि छैनन् भनेर सोध्थे। केही मानिसहरूले एक एक ओटा गोरु पालेर जोरुवा बनाउँथे। जोत्नको लागि अग्लो र खरो गोरु राम्रो मानिन्छ। चिमाहा सिरिङ्ग्याहा र गले गोरु कसैले रुचाउँदैन। केही मानिसले गोरु किनेर अरूलाई पाल्न दिने र आफूले निःशुल्क जोत्ने गर्दछन्। अन्यत्र जोतेको कमाइ पाल्नेको हुन्छ। आफ्ना गोरु हली दिएमा गोरुको ज्याला मालिकले लिन्छन्। जोतेको ज्याला हलीले नै लिन्छन्। एउटै हलीले जोतिरहेमा गोरु पनि एकहाते हुन्छन्। नजान्ने मानिसहरू चढेमा झुक्किएर खोकमुनि र लेडकामुनि पर्दछन्। सौखिन मानिसहरूले गोरुलाई राम्रो सुसार गरेर पाल्छन्। रोपाइँ गर्ने बेलामा १ माना र रोपाइँ सकिएपछि १ माना तेल खुवाउँछन्। कसैले तोरी कुटेर फुलोको डल्ला बनाएर खुवाउँछन्। कसैले अण्डा र बारुलो खुवाउँछन्। रक्सी पार्नेहरूले पास खुवाउँछन्। एक जना मानिसको गाईले जुम्ल्याहा बाच्छा पाएको थाहा पाएपछि अर्को गाउँबाट एउटा साहु आएछन् र बाच्छाले दूध छोडेपछि मलाई दिनु भनेछन्। बाच्छा हुर्केपछि मालिकले भनेजति दाम दिएर ल्याएछन्। त्यसपछि जुम्ल्याहा गोरुको हल बनाएर जोतेछन्। त्यस घरको नाम नै जम्ल्याहा गोरु भएको घर रहेछ। गोरखा, धादिङ र नुवाकोटमा कतै पौष १५ र कतै माघ १ मा गोरु जुधाउने मेला हुन्छ। त्यस मेलाले गाउँलाई चिनाएको र पर्यटन बढाएको छ। गोरु लडेको देख्ने बच्चाहरूले त्यसैको सिको गरेर खेल्छन्। जोत्ने गोरु भिरबाट लडेर खुट्टा भाँचिएमा धेरै जनाले ठाँडा लगाएर भए पनि घरमा ल्याउँछन्। घरेलु वैद्यले काप्रो बाँध्ने र औषधि गरेपछि फेरि जोत्ने हुन्छन्।

गोरु र जोताइका सम्बन्धमा केही उखानहरू पनि पाइन्छन्। मान्छे बुढो भए निहुँ खोज्छ, गोरु बुढो भए भिर खोज्छ। बार हल गोरुका कति ओटा खुट्टा हुन्छन्। मरेको गोरु/भैँसी गाउँवेसी गर्छ। यो मान्छे हल्लौंडो भएर हिँडेको छ। गोरु दाउन नसक्नेले छोरो दाउन सक्दैन। गुन गर्ने हलाले कपाल छेडाइ पाउँछ। लोग्ने स्वास्नीको हल मिलाउन र गोरुको हल मिलाउन सकिन्न। गोरु दाउने आफूले छोरो दाउने अरुले। जुन गोरुको सिङ छैन उसको नाउँ तिखे। हलो काटी मुग्रो। त्यो मान्छेले त बेसरी जोताउँछ। "मेरो गोरुको बाह्रै टक्का" पहाड़ खाने आइमाईको बल, मधेश खाने गोरुको बल। "हरियो डाँडामाथि हलो जोत्ने साथी" भनेर धर्मराज थापाले गीत गाएँ। यो गीतलाई धेरै नेपालीहरुले मन पराए। अर्का गायकले ठट्यौली रूपमा "एउटा गोरु झालेमाले, एउटा गोरु काले, राम्रा राम्रा तरुनीलाई ल्याउन भन्थे बाले" भनेर गाए।

केही विश्वास र केही अन्धविश्वास पनि पाइन्छन्। नाइरो राख्ने ठाउँलाई रथ भन्दछन्। नाइरोलाई नारा र हल्लुँडो पनि भन्दछन्। रथबाट जुवा भाँचिएमा भोग दिनुपर्दछ। कसैले फटेङ्ग्राको भोग दिन्छन्। लोभी हलीले कुखुराको भालेको भोग दिन्छन्। भोग नदिएमा घरको मुलीमान्छे मर्छ भन्दछन्। मूल मान्छे नमेरमा हली मर्छ भन्ने जनमानसमा विश्वास छ। सुरु सुरुमा जोत्ने बाहुनलाई भातबाट खसाल्थे। जोत्दा हलोमा लात्त लाउनु पर्ने हुनाले पाप लाग्छ भन्थे। आइमाईले जोतेमा भासिन्छ भन्दथे। सेती नदी भासिएको पनि आइमाईले जोतेर हो भन्दछन्। लामो समयसम्म खडेरी परेमा धेरै महिलाहरू रातमा बारी वा खेतमा जम्मा हुने र सबै जना नाङ्गै भएर गोरु हली बनेर जोतेमा पानी पर्छ भन्ने विश्वास छ। महिलाको नाङ्गो शरीर देखाएर खुसी बनाउन इन्द्रलाई बोलाउने र पूजा गर्ने गर्दछन्। यो चलन तराईका केही ठाउँहरूमा अझैँ पनि पाइन्छ।......

# धेरै गुलियो खाँदा दाँतमा कीरा लाग्नुको रहस्य



हाम्रो शरीरको एउटा महत्वपूर्ण अंग दाँत पनि हो। दाँतले हामी खानेकुराहरु चपाउने काम गर्छौं। दाँत नै भएन भने हामीले खानेकुराहरु राम्ररी खान सक्दैनौं। राम्ररी खानेकुरा खान नपाएपछि मानिसको हालत कस्तो होला सजिलै अनुमान गर्न सक्छौं।

दाँतले खानेकुरा चपाउने काम मात्रै गर्दैन, यसले मानिसलाई सुन्दर बनाउने काम पनि गर्छ। मुखमा टम्म र लहर मिलेको दाँत छ भने मानिस त्यसै सुन्दर देखिन्छ। दाँत छैन भने मानिस उमेर नै नपुगिकन पनि बुढो मानिस जस्तो देखिन्छ।

दाँतलाई स्वस्थ राख्नको लागि नियमित रुपमा यसको हेरविचार गर्नुपर्छ। राम्ररी हेरविचार गरेन भने, दाँतमा कीरा लाग्छ, दाँत बिग्रन सक्छ। अझ गुलियो खाने बानी छ भने त झन चाँडै दाँत बिग्रन्छ।

**गुलियो धेरै खानाले दाँत कसरी बिग्रन्छ ?**

स्वस्थ दाँत धेरै बलियो हुन्छ। दाँत बलियो हुनुको कारण यसको बाहिरी भागलाई ढाक्ने कडा बस्तु इनामेल हो। इनामेल सेतो रंगको हुन्छ। यो नै हाम्रो शरीरको सबैभन्दा कडा बस्तु हो। इनामेलले ढाकेको भन्दा भित्रपट्टिको दाँतको भागलाई डेन्टाइन भनिन्छ। यो भाग चाहिँ इनामेल जस्तो कडा हुँदैन। यो भाग नरम हुने भएकोले मौका पाएमा कीटाणुहरु सजिलै यसमा पस्न सक्दछन्। दाँतको यस कमलो भागलाई इनामेलले छोपेर राख्ने हुनाले सजिलै यस भागमा कीटाणु भने पस्न सक्दैन। डेन्टाइनभन्दा तलको दाँतको भागलाई पप क्याभिटी भनिन्छ। गिजाभन्दा बाहिर निस्केको दाँतको भागलाई क्राउन भनिन्छ।

हाम्रा मुखभित्र लाखौंको संख्यामा कीटाणुहरु हुन्छन्। मुखमा हुने यस्ता कीटाणुहरुलाई ब्याक्टेरिया भनिन्छ। यी ब्याक्टेरियाहरुमध्ये धेरैजसो मानिसका लागि फाइदाजनक हुन्छन्। किनभने, यिनीहरुले खानेकुरालाई टुक्र्याएर, गलाएर मानिसले सजिलै पचाउन सक्ने बनाइदिन्छ। तर साथसाथै, कतिपय ब्याक्टेरियाहरु चाहिँ हानि गर्ने खालका पनि हुन्छन्। मुखमा हुने ब्याक्टेरियाहरुमध्ये एसिड उत्पादन गर्ने ब्याक्टेरियाहरु चाहिँ दाँतका लागि शत्रु नै हुन्छन्।

इनामेल हाम्रो शरीरकै सबैभन्दा कडा बस्तु हो। तर यस्तो कडा बस्तुलाई पनि अमिलो वा एसिडले खियाइदिने गर्छ। हामीले अमिलो खाँदा दाँत कुडिनुको मुख्य कारण पनि अमिलोले इनामेललाई खियाइदिएकैले हो। वास्तवमा, डेन्टाइन दाँतको अति संवेदनशील भाग हो। हामीले दाँत कुडिएको महसूस गर्नुको कारण पनि हामीले खाएको वा पिएको खानेकुराले डेन्टाइनलाई छुन पुग्दा नै हो। रमाइलो कुरा के छ भने, दाँतमा इनामेल बन्ने काम चाहिँ निरन्तर चलिरहेको हुन्छ। त्यसैले अमिलोले खियाइदिएको इनामेलको ठाउँमा केही समयपछि नयाँ इनामेल आउँछ। अनि हाम्रो कुडिएको दाँत पनि ठीक भएर जान्छ।

सबैले भन्ने गर्छन्, धेरै गुलियो कुरा खानु हुँदैन। चिनी, चकलेट धेरै खायो भने दाँतमा कीरा लाग्छ भनेर सबैले भन्ने गर्छन्। यो कुरा सही पनि हो। किनभने, हामीले गुलियो वस्तु खाँदा त्यसका केही अंशहरु हाम्रो दाँतमा अड्किएर बसेको हुन्छ। धेरैजसोको गुलियो खाएपछि दाँत ब्रस गरिहाल्ने बानी हुँदैन। गुलियो नखाने मानिसको दाँत पनि नियमित सफा गरेन भने दाँतमा कीरा लाग्ने गर्छ किनभने खानेकुराहरुमा पाइने कार्बोहाइड्रेड पनि गुलियोकै एक रुप हो। यसरी सोझै गुलियो खाँदा वा नखाँदा पनि दाँत सफा गरेन भने कीरा लाग्नुको कारण चाहिँ त्यसैले त्यस्तो गुलियो वस्तुहरु वा कार्बोहाइड धेरै बेरसम्म दाँतमा अड्केर बसिबस्नु नै हो।

त्यसरी दाँतमा अड्किएको गुलियो वा कार्बोहाइड्रेडलाई मुखमा हुने एक किसिमको ब्याक्टेरियाले अमिलो (एसिड)मा बदलिदिन्छ।। यसरी दाँतमा अमिलो बन्यो र केहीबेरसम्म त्यत्तिकै रह्यो भने त्यसले इनामेललाई खियाइदिन्छ। धेरै गुलियो खानेहरुको दाँतमा कीरा लाग्नु वा दाँत बिग्रनुको खास कारण नै यही हो। किनभने धेरै गुलियो खानेहरुले सधैं दाँत सफा गरिरहँदैन। सधैं दाँत सफा नगरेपछि उनीहरुको दाँतमा ब्याक्टेरियाले अमिलो बनाइदिन्छ।

यसरी दाँतको इनामेल अमिलोले खियाइदिएपछि दाँतको नरम भाग डेन्टाइनमा सजिलै अरु हानिकारक ब्याक्टेरियाहरु पस्न पाउँछ। त्यसरी डेन्टाइनमा पसेका ब्याक्टेरियाले गर्दा हाम्रो दाँत अति नै दुख्ने गर्छ भने दाँतमा कालो कालो प्वाल नै पर्न पनि सक्छ। दाँतमा परेका त्यस्ता प्वालहरुलाई हामी कीरा लागेको भन्ने गर्छौं। दाँतमा लागेको कीरालाई बेलैमा उपचार गरिएन भने ब्याक्टेरियाको आक्रमणले दाँतको अझ भित्री भागहरुमा, जराहरुमा र दाँतसम्म आएका नसाहरुमा घाउ बनाइदिन सक्छ।

दाँतको इनामेल नयाँ निर्माण भइरहेको हुन्छ तर पूरै दाँत आफैं पुनर्निर्माण हुन सक्दैन। त्यसैले दाँतमा कीरा लागिहाल्यो भने दाँतको डाक्टरलाई देखाइहाल्नुपर्छ।

दायित्वबोधबाट

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौँ। नेपाल स्टक एक्सेचञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अङ्कको वृद्धि देखिएको छ। नेप्से परिसूचक ६२ दशमलव २५ अङ्कले बढेर दुई हजार छ सय ७३ दशमलव ६९ को विन्दुमा कायम भएको हो। यो दुई दशमलव ३८ प्रतिशतको वृद्धि हो।

नेप्सेमा कारोबार रकम पनि बढेर साढे १० अर्ब नाघेको छ। तीन सय आठ कम्पनीको दुई करोड ७२ लाख ४५ हजार चार सय ५९ कित्ता शेयर ९९ हजार चीन सय पाँच पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५१ करोड ८४ लाख छ हजार तीन सय ५२ बराबरको कारोबार भएको हो।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी वित्त समूह पाँच दशमलव ४७ र जलविद्युत् समूह तीन दशमलव १३ प्रतिशतले बढेको छ। बैंकिङ दुई दशमलव ९७, विकास बैंक दुई दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव ५९, लगानी शून्य दशमलव ८१ र जीवन बिमा समूह दुई दशमलव ४४ प्रतिशतले बढेको छ।

उत्पादन तथा प्रशोधन एक दशमलव १८, लघुवित्त दुई दशमलव २४, म्युचुअल फण्ड शून्य दशमलव ५७, निर्जीवन बिमा दुई दशमलव ६७, व्यापार शून्य दशमलव ५३ र अन्य समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ५० प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी सानिमा माई हाइड्रोपावर लिमिटेडको रु ५९ करोड २० लाख ९६ हजार आठ सय २६ बराबरको शेयर किनबेच भएको छ। कारोबार संख्याका आधारमा सिङ्गटी हाइड्रोइनर्जी लिमिटेडको १४ लाख २६ हजार तीन सय ७९ कित्ता शेयर खरिदबिक्री भएको छ।



**मम्मा गाउँ:**
रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ६ र ७ मा अवस्थित मम्मा गाउँ । तस्विर : कुलदीप न्यौपाने /रासस

# बालीनालीमा छरेको विषादीले मौरी सखाप

रामपुर (पाल्पा) । घर वरपरका बगैँचा, आँगनका छेउमा लहरै राखिएका मौरीका घार छन् । बिहान उज्यालो भएदेखि साँझ अबेरसम्म घार वरिपरि नै बस्न मन पराउने जयनारायण न्यौपाने अहिले भने घार देख्दा विक्षिप्त छन् ।

मौरीघार उनलाई आम्दानीको स्रोतमात्र नभई दिन बिताउने माध्यम बनेको थियो । घारसँग रमाउँदै दिन कटाउने उनलाई घार देख्दा मन भारी भएर आउँछ । रामपुर नगरपालिका-६ किसानटोलका किसान न्यौपाने घारमा रहेका मौरी मरेर सखाप भएपछि उनी चिन्तित छन् ।

एक्कासी मौरी मरेपछि उनलाई व्यवसाय निल्नु न ओकल्नुजस्तै बनेको छ । बगैँचामा मौरीसँगै भुलेर दिन कटाउन पाउँदा समय बितेको पत्तो हुँदैनथ्यो । यसरी नै मौरीको रेखदेख गरेर समय बिताउने गरे पनि हिजोआज भने मौरी बगैँचामा पस्न पटक्कै मन छैन । मौरीका रित्ता घार देख्दा उनको मन विक्षिप्त बनेको छ ।

"बगैँचाभरि मौरीको हेरचाह गरेर समयको गएको पत्तो हुँदैनथ्यो, अहिले मौरी सबै मासिएपछि घरमा दिन कटाउन गाह्रो भएको छ", उनले भने-"हिजोका दिन खाना खाने समयबाहेक बगैँचामा नै बसेर दिन बिताउँथे, घरमा कोही आफन्त, साथीभाइ, इष्टमित्र आए पनि बगैँचातिर डुलाउँथे, अहिले बगैँचाभित्र पस्न पनि मन छैन, मौरीघार रित्ता देख्दा मन खिन्न भएर आउँछ ।"

छिमेकीले बालीनालीमा विषादी छरेका कारण फार्ममा भएका मौरी मरेर करिब रु सात लाख बराबरको नोक्सानी व्यहोर्नुपरेको उनी बताउँछन् । विषादीले ८५ गोलाघारमा तयार गरिएको मौरी सबै क्षति हुन पुगेको उनले सुनाए । विसं २०५५ देखि 'न्यौपाने मौरी उद्योग' स्थापना गरेर मौरी उद्योग सञ्चालन गर्दै आएका न्यौपानेले पहिलोपटक ठूलो क्षति व्यहोर्नुपरेको जनाए ।

यस वर्ष उनी ६० घार गोलासहित मौरी बिक्री गर्ने तयारीमा थिए । विभिन्न ठाउँबाट मौरी तयार हुनुअगावै माग आइसकेको थियो । तर पठाउने तयारी गरिरहेको अवस्थामा एक्कासी मौरी सबै नष्ट हुनपुगेको छ । "छिमेकीले खेतबारीमा विषादी छर्कँदा मौरीमा ठूलो क्षति पुगेको छ, व्यवसायका क्रममा पहिलोपटक यस्तो क्षति भोग्नुपरेको छ, घारमा राखिएका मौरी मरेपछि बगैँचामा फर्कन मन छैन, रित्ता घार देखेर मन खिन्न बनेको छ ।"-उनले भने ।

बगैँचामा पसेर मौरीको हेरचाह, स्याहार गरेर उनले आफ्नो समय बिताउँथे । मौरी नै जीवन जिउने साहारा थियो । बुढेसकालको साहारा र नयाँ पुस्तालाई मौरीपालन व्यवसायबारे जानकारी दिन आफ्नै घरमा व्यवसाय चलाएका थिए । उनी उमेरले करिब आठ दशक भए पनि फूर्तिलो बनेर मौरीसँग रमाएका थिए । मौरीसँग उनको एक किसिमको गहिरो मायाप्रेम नै बसेको छ । गत फागुनको पहिलो हप्ताबाट विषादीका कारण मौरी मर्न थालेको उनले बताए ।

## अन्तर्राष्ट्रिय...

'आवश्यक कार्यालय नै नखोले कसरी विमानस्थल चल्छ ?', सरकारसँग प्रश्न गर्दै अध्यक्ष श्रेष्ठले भने, 'निजी क्षेत्र आत्महत्या गर्ने अवस्थामा पुग्दा समेत सरकारले केही सुनेन ।'

चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले विमानस्थल के कारणले ठप्प भइरहेको छ भन्नेबारे सरकारले जानकारी दिनुपर्ने बताए । 'चर्को घाममा सडकमा आन्दोलन गर्ने हाम्रो रहर होइन तर, सरकारले हाम्रो माग सुनेन, व्यवासायी ऋणमा डुबेको देखेन, त्यसैले बाध्य भएर संघर्षका कार्यक्रम गर्नु परेको हो,' उनले भने-'रुपन्देहीको निजी क्षेत्रले पटक-पटक आन्दोलनमा उत्रिंदा पनि सरकारले नसुन्नु विडम्बना भयो ।'

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले सरकारले पटक-पटक अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने वाचा गरेर स्थानीय बासिन्दा र निजी क्षेत्रको आँखामा छारो हाल्ने काम गरिरहेको बताए । 'अब पनि माग सुनुवाइ नभए कडा आन्दोलनमा उत्रिन तयार छौं,' उनले भने-'अब सबै संघसंस्थाले सहकार्य गरेर आन्दोलन चर्काउनुको विकल्प छैन ।'

चेम्बर अफ कमर्स रुपन्देहीका पूर्व अध्यक्ष नारायणप्रसाद भण्डारीले विगतमा सरकारले विमानस्थल सञ्चालन गर्ने प्रतिबद्धता जनाए पनि काठमाडौं केन्द्रीत ठूला व्यापारी र बिचौलियाको स्वार्थमा सरकारले बेवास्ता गर्दा चल्न नसकेको बताए । 'एकातिर बिचौलिया र स्वार्थ समूहको दबाबमा विमानस्थल चलेको छैन,अर्कोतिर पोखरा विमानस्थलमा भन्दा ठूलो भ्रष्टाचार भएको कुरासार्वजनिक भइरहेका छन्,' भण्डारीले भने-'विमानस्थललाई लक्षित गरेर भएको लगानीले प्रतिफल दिनुको साटो लगानी डुब्ने चिन्ताले व्यवसायी आक्रोशित छन्, छटपटाएका छन्, अन्तर्राष्ट्रिय उडान जसरी पनि हुनुपर्छ, संगै छानवीन पनि हुनुपर्छ ।'

विरोधसभामा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कुलप्रसाद न्यौपाने, सिद्धार्थ सञ्जाल, रुपन्देही अध्यक्ष अनिलकुमार ज्ञवाली, उद्योग व्यापार संगठनकी महासचिव लक्ष्मी अधिकारी, लुम्बिनी इट्टा उद्योग व्यवसायी संघका अध्यक्ष अजयकुमार गुप्ता, सिद्धार्थनगर वडा नम्बर ४ का अध्यक्ष मुक्तिनाथ यादव, मोबाइल व्यवसायी संघका अध्यक्ष बैजनाथ गुप्तालगायतले बोल्दै व्यवसाय संकट र लगानी डुब्ने चिन्तामा व्यवसायी छट्पटाउँदा पनि सरकारले बेवास्ता गरेको गुनासो गरे ।

सुरु सम्झौता ३० अर्ब ९१ करोड रहेकोमा निर्माण अवधि लम्बिएपछि लागत बढेर मूल्य अभिवृद्धि करसहित ३५ अर्ब ६६ करोडमा सम्पन्न भएको विमानस्थलका लागि २३ अर्ब खर्चेर जग्गा अधिग्रहण गरिएको थियो ।

उद्घाटन भएको तीन वर्ष बित्न लाग्दासमेत विमानस्थलबाट नियमित र पर्याप्त अन्तर्राष्ट्रिय उडान हुन नसकेपछि पर्यटक अभावमा विमानस्थल लक्षित गरी होटेल तथा पर्यटन क्षेत्रमा भएको करिब एक खर्ब लगानी जोखिममा परेको भन्दै व्यवसायी चिन्तामा छन् ।

माग पूरा गराउन दबाब दिन सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीको संयोजकत्वमा संघर्ष समितिसमेत गठन गरिएको छ । उक्त सञ्जालमा दुई दर्जन बढी संस्था आबद्ध छन् ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री हुँदा गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चल्न नदिइएको टुर तथा ट्राभल व्यवसायी चन्द्र थापाको गुनासो छ ।

भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने उनको माग छ ।

विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने थापा बताउँछन् ।

## नेपालका...

सीमा इलाकामा आवश्यकताअनुसार आवतजावत गर्नेहरूको परिचयपत्र चेकजाँच गरेर अभिलेख राख्ने कार्य समेत भइरहेको उनले बताए । नेपाल-भारत सीमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतलाई असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि आफूहरू सचेत रहेको सशस्त्रका डीएसपी थापा बताउँछन् । साथै, शहरी क्षेत्रका संभावित सुरक्षा दिनुपर्ने महत्त्वपूर्ण ठाउँहरूमा निगरानी बढाइएको छ ।

जम्मु-कश्मीरको पहलगाममा पर्यटकमाथि भएको आतंकी आक्रमणको दुई हप्तापछि भारतले पाकिस्तान र पाकिस्तान प्रशासित कश्मीरका नौवटा स्थानमा मंगलबार राति हवाई हमला गरेको छ ।

### Mathagadhi Rural Municipality
### Office of the Rural Municipal Executive,
Jhadewa, Palpa

## Invitation for Bids

**Notice No: 08-081-82**

2nd Date of Publication: 2025-05-08 AD

1. Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids for eligible bidders for construction of following Works under Sealed Quotation Procedures. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| Contract Identification No. | Description of Work | Estimated Cost (withVAT& P.S.) |
|---|---|---|
| MRM/SQ/ WORKS/2081-82/26 | Road Upgrading Work (Fedi-Charghare-Sompokhari Road) | 998,738.687 |
| MRM/SQ/ WORKS/2081-082/27 | Road Upgrading Work (Jhadewa-Devagir & Mathamandir Road) | 1,498,512.537 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.

Chief Administrative Officer
Mathagadhi rural Municipality office

### CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of Second publication: 2082/01/25 (08th May, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for supply and delivery of following goods under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 23rd May, 2025 (2082/02/09) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity of 75 days min. from date of opening |
|---|---|---|
| 1 | Procurement of HDPE Tank (NS) CRM/ARG/SQ/G/20/081/082 | 18000/- |
| 2 | Procurement of Machine made Gabion Boxes and Fencing Mesh Wire CRM/ARG/SQ/G/21/081/082 | 23000/- |

## जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्थामा कार्यरत पूर्व कर्मचारीहरुलाई

## कर्मचारी कर्जा सापटी चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८२/०१/२५गते)

यस वित्तीय संस्थाको तपसीलमा उल्लेखित पूर्व कर्मचारीहरुले कर्मचारी कर्जा सापटी शिर्षक अन्तर्गत कर्जा लिदाँ संस्था सँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनुपर्ने सावाँ, ब्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी सर्त कवुलियतहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरि बसेको हुँदा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा तिर्नु बुझाउनु पर्ने कर्जा र सो सँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला । साथै, उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत जमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्य थप जानकारीका लागि संस्थामा सर्म्पक गर्नुहोला ।

| ऋणीको नाम र ठेगाना | ना.प्र.नं./जिल्ला/मिति | तिनपुस्ते विवरण | कर्जा सापटीमा व्यक्तिगत जमानी कर्ता | कर्मचारीको अभिभावक/जमानीकर्ता |
|---|---|---|---|---|
| उपेन्द्र प्रसाद यादव पिप्राढी-०८, बारा | ३३१०६०/२३६३, बारा, २०७९-०३-२२ | बाबुः मिश्री लाल प्रसाद यादव बाजेः राम तपस्या राय यादव | मिश्रीलाल प्रसाद यादवको बुहारी उपेन्द्र प्रसाद यादवको श्रीमतिबारा जिल्ला देवताल गा.वि.स. वडा नं. ५, बस्ने रेणु कुमारी यादव ना.प्र.नं. ३३-०१-७४-०६०७०, बारा, २०७४-०६-२९ कमल धोज गुरुङ्गको नाति डम्बर बहादुर गुरुङ्गको छोरा चितवन जिल्ला भरतपुर मा.न.पा. वडा नं. २९, जुगेडी बस्ने डिल बहादुर गुरुङ्ग | मिश्रीलाल प्रसाद यादवको छोरा बारा जिल्ला पिप्राढी गा.वि.स. वडा नं. ८, बस्ने उपेन्द्र प्रसाद यादवको दाई नाता पर्ने गजेन्द्र प्रसाद यादव ना.प्र.नं. ३३१०६०/१३३११, बारा, २०६६-०२-२७ |
| अन्जली बर्मा तुल्सीपुर उ.म.न.पा.-३, दाङ्ग | ५२-०२-७४-०१६३४, दाङ्ग, २०७४-०३-२३ | बाबुः छविलाल नेपाली बाजेः आइतराम नेपाली | काले दमाईको नाति दुजिराम दमाईको छोरा दाङ्ग जिल्ला धनौरी गा.वि.स.-६, बस्ने टेकेन्द्र परियार ना.प्र.नं. ५२२०३८/२५३८, दाङ्ग, २०७०-०८-१३ क | अन्जली बर्माको आमानाता पर्ने सुन्तली नेपाली दाङ्ग जिल्ला तुलसीपुर उ.म.न.पा.-३ |
| सुदिप चौधरी मोतिपुर गा.वि.स.-५, बर्दिया | ६५३०१३/१२१८, बर्दिया, २०६३-११-२६ | बाबुःतालुकदार थारु बाजेःबेफौ थारु | विष्णु प्रसाद पौडेलको छोरी सुदिप चौधरीको श्रीमति बर्दिया जिल्ला मोतिपुर गा.वि.स.-६, बस्ने सन्ध्या पौडेल ना.प्र.नं. ६५-०१-७०-००६०८, बर्दिया, २०७०-०२-०५ | सुदिप चौधरीको आमा नाता पर्ने सरलाकुमारी मोतिपुर गा.वि.स.-५, बर्दिया |
| कमला विश्वकर्मा रेसुङ्गा न.पा.-८, गुल्मी | ४११००१/१०१५१०, गुल्मी, २०६८-०७-१३ | बाबुः लालबहादुर बि.क. बाजेः ज्ञाने कामी | तारा बहादुर टोमटाको बुहारी सन्तोष सुनारको श्रीमति गुल्मी जिल्ला रेसुङ्गा न.पा.-८, बस्ने कविता सुनार ना.प्र.नं. ४१-०१-७८-१०७५९, गुल्मी, २०७८-१२-२३ टेक बहादुर बि.क.को नातिनी यम बहादुर विश्वकर्माको छोरी गुल्मी जिल्ला रेसुङ्गा-८, बस्ने सुस्मिता विश्वकर्मा ना.प्र.नं. ४१-०१-७६-००१४१, गुल्मी, २०७६-०१-०६ | कमला विश्वकर्माको सासु नाता पर्ने रेमकली सुनार रेसुङ्गा न.पा.-८, गुल्मी |
| मुकेश राना माहाकाली न.पा.-७, कञ्चनपुर | ७५-०१-६९-०५४५६, कञ्चनपुर, २०६९-११-०६ | बाबुः मोहन सिंह राना मगर बाजेः शेर बहादुर राना मगर | बल बहादुर राना मगरको नाति शेर बहादुर राना मगरको छोरा कञ्चनपुर जिल्ला महाकाली न.पा.-७, बस्ने मोहन सिंह राना मगर ना.प्र.नं. ३३/१७८, कञ्चनपुर | मुकेश रानाको बाबु नाता पर्ने मोहन सिंह राना मगर दोधारा गा.वि.स.-१, कञ्चनपुर |
| आकाश कुमार सुनार वीरेन्द्रनगर न.पा.-२, सुर्खेत | ६४-०१-७०-०६८५, सुर्खेत, २०७०-०८-१९ | बाबुः मनविर सुनार बाजेः सहवीर सुनार | दलबहादुर चुनाराको नाति ललित बहादुर चुनाराको छोरा सुर्खेत जिल्ला चिङ्गाड गा.पा.-६, बस्ने रमेश चुनारा ना.प्र.नं. ६४-०१-७४-०५९२८, सुर्खेत, २०७४-१०-०५ | आकाशकुमार सुनारको बुवा नाता पर्ने मनविर सुनार वीरेन्द्रनगर न.पा.-२, सुर्खेत |
| यशोदा ताम्राकार कृष्णपुर न.पा.-३, कञ्चनपुर | ७५१००३-२०८०४, कञ्चनपुर, २०६९-१-६ | बाबुः रगुविर टमटा बाजेः चन्द्र बहादुर टमटा | मन्दिरे टमटाको छोरा सिद्धराम टमटाको छोरा रैकवारविचवा गा.वि.स.-३, कञ्चनपुर, बस्ने हैक बहादुर तार्म्रकार ना.प्र.नं. ७५१०१४/२०३, कञ्चनपुर, २०६६-२-२४ | यशोदा ताम्राकारको ससुरा नाता पर्ने सिद्धराम ताम्राकार रैकवारविचवा गा.वि.स.-४, कञ्चनपुर |
| सुमन गुरुङ्ग ढापुक सि.भ. गा.वि.स.-४, स्याङ्जा | ४२१०३२/१९९, स्याङ्जा, २०६८-२-९ | बाबुःहिराबल गुरुङ्ग बाजेः गजविर गुरुङ्ग | खिलबहादुर थापाको नाति तिलकबहादुर थापाको छोरा चितवन जिल्ला फुलबारी गा.वि.स.-६, बस्ने भिम बहादुर थापा ना.प्र.नं. ७०३/०३५, चितवन, २०४९-१२-२४ | सुमन गुरुङ्गको दिदि नाता पर्ने पानु गुरुङ्ग बुटवल उ.म.न.पा.-९, रुपन्देही |

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**सीमा क्षेत्रमा उच्च सतर्कता:**
रूपन्देहीको बेलहियास्थित नेपाल-भारतको सीमा क्षेत्रमा बुधबार डग स्निफिङ (कुकुरको सहायता)सहितको सुरक्षा चेकजाँच गर्दै सशस्त्र प्रहरी बल। भारत र पाकिस्तानबिच पछिल्लो समय तनाव बढ्दै गएपछि सीमामा सतर्कता बढाइएको छ। तस्विर : राधेश्याम विश्वकर्मा/रासस

# करार कर्मचारीहरूलाई सासु कोषमा लैजान माग



नवलपरासी । करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष योजनामा समावेश गर्न नवलपरासी पश्चिमका विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरुले माग गरेका छन् । बुधबार उनीहरुले प्रमुख जिल्ला अधिकारी हिलालाल रेग्मीमार्फत् प्रधानमन्त्री ध्यानाकर्षण समेत पठाएका छन् ।

नेपाल सरकारको विभिन्न निकायमा वर्षौंदेखि कार्यरत करार सेवाका कर्मचारीले सरकारी सेवाअन्तर्गत रहेर निरन्तर जिम्मेवारी वहन गरेरको भए पनि हालसम्म राज्यले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको पहुँचबाट वञ्चितप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । अन्य कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष योजनामा समावेश गरेकोमा स्वागत गर्दै आफूहरुलाई पनि उक्त योजनामा समावेश गर्न उनीहरुले माग गरेका हुन् ।

करार सेवाका कर्मचारीहरुले २०८२ बैशाख १ गते नेपाल राजपत्रमा प्रकाशित गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारको कोषबाट तलब भुक्तनी हुने करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य रुपमा तत्काल समावेश गर्न माग गरेका छन् । सामाजिक सुरक्षाको मापदण्डअनुसार योगदान कर्ताहरुको रुपमा स्रोत व्यवस्थाको समेत माग गरेका छन् ।

आगामी आर्थिक वर्षको बजेटमा स्पष्ट रुपमा आवश्यक स्रोत व्यवस्थापन गर्न र कार्यान्वयनका लागि जिम्मेवार निकाय तोकी समयसीमा निर्धारणसहित तत्काल योजना अगाडि बढाउन माग गरेका छन् । नवलपरासी पश्चिमका स्थानीय तह र विभिन्न सरकारी कार्यालयमा करिव ५ सय करार सेवाका कर्मचारी कार्यरत रहेको जिल्ला प्रशासन कार्यालयका वीरेन्द्र तिमील्सीनाले बताए ।

# प्याब्सन नवलपुरमा तालाबन्दी



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरका संस्थागत विद्यालयहरुले मनपरी रुपमा बढाएको शुल्क फिर्ता लिन माग गर्दै आन्दोलनरत नेपाल विद्यार्थी संघ नवलपुरले बुधबार प्याब्सन नवलपुरको जिल्ला कार्यालयमा तालाबन्दी गरिदिएका छन् ।

यहाँका निजी विद्यालयहरुले गत वर्षको तुलनामा १० देखि ३० प्रतिशतसम्म शुल्क वृद्धि गरेको अभिभावकहरुले गुनासो गरेका छन् ।

नवलपुरका निजी विद्यालयहरुले मनपरी शुल्क वृद्धि गरेको भन्दै नेपाल विद्यार्थी संघ नवलपुरले निजी विद्यालयको शुल्क घटाउन माग गरेका हुन् ।

नेविसंघ नवलपुरका अध्यक्ष हरि सुवेदीको नेतृत्वमा गएको टोलीले प्याब्सन नवलपुरका कार्यालयमा तालाबन्दी गरिदिएका छन् ।

नेविसंघले निजी तथा संस्थागत विद्यालयले दिनु पर्ने १० प्रतिशत छात्रवृद्धिको पनि दुरुपयोग गरेको समेत आरोप लगाएको छ ।

त्यसैगरी नेविसंघले विद्यार्थीबाट अनावश्यक शुल्क नलिन, ड्रेस र पुस्तक विद्यार्थीहरुलाई जबरजस्ती बिक्री नगर्न र शुल्क निर्धारणलाई पारदर्शी र नियमसंगत गराउन पनि माग गरेको छ ।

यहाँ रहेका संस्थागत तथा निजी विद्यालयहरुले अभिभावकसँग शुल्क वृद्धिको निर्णय अनुमोदन गरी शुल्क वृद्धि गर्नु पर्नेमा त्यसो नगरेको पाइएको छ ।

कानुनतः कुनै पनि निजी तथा संस्थागत विद्यालयले शुल्क वृद्धिको निर्णय अभिभावक भेलाबाट अनुमोदन गरी सम्बन्धित पालिकालाई जानकारी गराएर मात्र लागू गर्नुपर्ने हुन्छ ।

प्याब्सन नवलपुरका अध्यक्ष हरिहर अधिकारीले विद्यार्थीहरुको माग प्रति आफ्नो ध्यानाकर्षण भएको बताए।प्याब्सन अध्यक्ष अधिकारीले नगरपालिकामार्फत् यस्ता विषयहरु अनुगमन गर्नु पर्नेमा जोड दिए ।

नेपाल सरकार, शिक्षा मन्त्रालय तथा स्थानीय तहहरूबाट शुल्क निर्धारण मापदण्ड २०७२ र निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ अनुसार विद्यालयहरूले शुल्क पारदर्शी र नियमनमा आधारित निर्धारण गर्नुपर्ने प्रावधानहरू अवज्ञा गरेको देखिन्छ, यसरी शुल्क बढाइ विद्यार्थी र अभिभावकहरूलाई आर्थिक शोषण गर्नु पूर्णरूपमा अस्वीकार्य भएको नेविसंघले जनाएको छ ।

मागहरू तत्काल पूरा नगरिए थप आन्दोलनमा नेपाल विद्यार्थी संघले चेतावनी दिएको छ ।

# १८ दिनपछि उठ्यो नवजात शिशुको शव

बुटवल । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा गत बैशाख ६ गते प्रसूति गराउने क्रममा मृत अवस्थामा जन्मेको नवजात शिशुको शव १८ दिनपछि उठेको छ ।

पश्चिम नवलपरासीको सुनवल नगरपालिका ४ की सुस्मा खरेल प्रसूति गराउन बैशाख ५ गते राति प्रादेशिक अस्पताल भर्ना भएकी थिइन् । सुस्माको शनिबार राति १२ बजेतिर मात्रै शल्यक्रिया गरेर बच्चा निकालिएको थियो । तर जन्मने बित्तिकै बच्चाको मृत्यु भएको थियो । सुस्माले १४ वर्षपछि छोरा जन्माएकी थिइन् । तर अस्पतालले बचाउन नसकेपछि सुस्माका श्रीमान रामप्रसाद खरेल, सुस्माका बुबा ग्यामलाल भुसाललगायत आफन्तले उपचारमा अस्पतालको लापरबाही भएकाले बच्चाको ज्यान गएको आरोप लगाउँदै शब बुझ्न अस्वीकार गरेका थिए ।

अस्पताल भर्ना गर्नुअघि डा. भक्तबहादुर राउतले चेकजाँच गर्दै आएका, सुस्माको गर्भमा रहेको बच्चाको स्वास्थ्य अवस्था चैत ३१ गतेसम्म एकदमै राम्रो रहेको सुस्माका श्रीमान रामप्रसादले बताए ।

'अस्पताल भर्ना गरेपछि नर्सिङ स्टाफ र डाक्टरले संवेदनशील भई राम्रोसँग चेकजाँच र उपचार गरेको भए बच्चा जीवितै जन्मिन्थ्यो भन्ने हाम्रो ठहर हो,' सुस्माका बुबा ग्यामलालले भने-'बच्चाको ज्यान त गयो नै झण्डै सुस्माको पनि ज्यान जाने अवस्था थियो, म आफैँ रोइकराई र हारगुहार गरेर बचाइदेऊ भनेपछि बल्ल अलि राम्रोसँग उपचार भयो र उनी बाँचिन् ।'

रामप्रसाद र भुसालले बुधबार अस्पतालका मेसु डा. इन्द्र ढकालसँग भेट गरी अस्पतालका डाक्टर र नर्सहरुलाई बिरामीको उपचारमा संवेदनशील र जिम्मेवार बनाउन सचेत गराउँदै भविष्यमा यस्ता लापरबाहीका घटना दोहोरिन नदिन आग्रह गरे । अस्पतालका मेसु ढकालले भने प्रसूति हुन आउने सबै महिलाको सुरुमै अप्रेसन गरेर बच्चा ननिकालिने बताए ।

उनले डाक्टर र नर्सहरुलाई उपचारमा थप जिम्मेवार बनाउन आफूले निर्देशन दिने आश्वासन दिए । ढकालले अस्पतालमा वार्षिक सरदर १३ हजार बच्चा जन्मिने र ती मध्ये ७-८ जना बच्चा र सोही संख्यामा आमाहरुको मृत्यु हुने गरेको जानकारी दिए ।

# एग्रोभेट र सहकारीको अनुगमन



**गौरीशंकर जयसवाल**
*परासी*

कृषि ज्ञानकेन्द्र नवलपरासीले एग्रोभेट सहकारीहरुमा अनुगमन गरेको छ । ज्ञान केन्द्रले आफ्नो नियमिति अनुगमनको क्रममा जिल्लामा सञ्चालित सहकारी, एग्रोभेट पसलहरुमा अनुगमन गरेको हो । बिउबिजन प्रयोशाला भैरहवा रुपन्देही, कृषि विकास निर्देशनालय लुम्बिनी प्रदेश, कृषि सामग्री कम्पनी नवलपरासी, जिल्ला प्रहरी कार्यालय र पत्रकारको संयुक्त टोलीले जिल्लामा सञ्चालित सहकारी, एग्रोभेट पसलहरुमा अनुगमन गरेको थियो ।

जिल्लाको रामग्राम नगरपालिका, बर्दघाट नगरपालिका, सुनवल नगरपालिका, सराव गाउँपालिकामा रहेका एग्रोभेट सहकारीहरुमा अनुगमन गरिएको कृषि ज्ञानकेन्द्र नवलपरासीका प्रमुख डा.रवीन्द्रनाथ चौबेले जानकारी दिए ।

उनको अनुसार अनुगमनको क्रममा सूचीकृत नभएको बिउबिजन भेटिएकोले सूचीकृत बिउबिजन मात्र बिक्रीवितरण गर्न निर्देशन दिइएको हो । बिउबिजनको अनुमतिपत्र लिएको, तर नविकरण नगरेको भेटिएकोले व्यसायीहरुलाई तुरुन्त नविकरण गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको उनले जनाए ।

सहकारीहले मूल्य सूची नराखेको पाइएकोले कार्य क्षेत्रका किसानलाई मूल्यसूची उल्लेख गरी बिक्रीवितरण गर्न निर्देशन दिइएको ज्ञानकेन्द्र प्रमुख डा.चौबेले बताए । अनुगमन टोलीले जिल्लामा सञ्चालित एग्रोभेट सहकारी सिड कम्पनी गरी १३ वटामा अनुगमन गरेको समितिले जनाएको छ । रामग्राम सिड कम्पनी, अरोही सिड कम्पनी, साना किसान सहकारी र १० वटा एग्रोभेट पसलहरुलाई अनुगमन गरेको कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीले जनाएको छ ।

# होराइजन जीबीएसमा साहित्य कला कार्यशाला



तिलोत्तमा । होराइजन जीबीएस मा.वि.मा अतिरिक्त क्रियाकलाप शाखाद्वारा आयोजित तीन दिने प्रशिक्षणात्मक कार्यशाला सम्पन्न भएको छ। बैशाख २२ देखि २४ गतेसम्म सञ्चालित यस प्रशिक्षण कार्यक्रममा कक्षा ७ देखि १० सम्मका अभिरुचि भएका करिव १०० जना विद्यार्थी सहभागी थिए । कार्यक्रमको पहिलो दिन चित्रकला तथा वक्तृत्वकला- वादविवाद, दोस्रो दिन मूर्तिकला तथा निबन्ध -प्रतिवेदन लेखन र तेस्रो तथा अन्तिम दिन मूर्तिकलासहित लघुकथा एवम् मुक्तक गजल लेखनका प्रशिक्षणहरु चलेका थिए ।

प्रशिक्षण कार्यक्रममा चित्रकला तथा मूर्तिकला प्राज्ञ गोविन्द चौधरी वक्तृत्व, वादविवाद, निबन्ध तथा प्रतिवेदन साहित्यकार डा. मुरारि पराजुली, लघुकथा साहित्यकार रुद्र ज्ञवाली र गजल मुक्तक रमेश समर्थनले सहजीकरण गरेका थिए । कार्यक्रमको अन्यमा विद्यार्थीहरुद्वारा कार्यशालामा सृजित रचनाको मूल्याङ्कन गरी पुरस्कृत गरिएको थियो भने सहजकर्ताहरुलाई मायाको चिनोले सम्मान गरिएको थियो ।

कार्यक्रममा प्राचार्य गोपालप्रसाद आचार्य, उप-प्राचार्यद्वय इन्द्र भुसाल, ज्ञानेश्वर ज्ञवाली, शैक्षिक निर्देशक लक्ष्मणप्रसाद गौतम र जीवनाथ भण्डारी र प्राध्यापक प्रदिप अर्यालको उपस्थिति रहेको थियो ।

सम्पूर्ण कार्यक्रमको संयोजन नेपाली विषय विभागीय प्रमुख मोहन मरासिनीले गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com